बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ले समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६१९३१/९७४६८६१९३३

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१४ ।। अङ्क : ०३८ ।। २०७८ फागुन २५ गते बुधबार (9th Mar 2022 Wednesday) **Pratidin** National Daily dNo-?÷%÷-

नारी दिवसमा पार्टी प्रवेश कार्यक्रम

झापा (प्रस) । झापाका राजनीतिक दलहरुले पार्टी प्रवेश गराई ११२ औं अन्तर्राष्ट्रिय श्रमिक नारी दिवस मनाएका छन् । नेकपा एमाले र नेपाली कांग्रेसले नारी दिवसमा समेत पार्टी प्रवेशलाई नै प्राथमिकता दिएका छन् । स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा केही दिनदेखि पार्टी प्रवेश कार्यक्रमलाई जारी राखेका दलहरुले त्यसलाई नारी दिवसका दिन समेत निरन्तरता दिएका हुन् । नेकपा एमाले झापाले भद्रपुरमा पार्टी प्रवेश कार्यक्रम नै आयोजना गरी करीव ५ सयलाई पार्टी प्रवेश गराएको छ भने कांग्रेसले पनि नारी दिवसको दिन पार्टी प्रवेशको कार्यक्रम राखेको थियो । नेपाली काँग्रेस झापा क्षेत्र नम्बर-२ को आयोजनामा जिल्ला पार्टी कार्यालयमा सम्पन्न कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी लगभग चारसय कार्यकर्ता कांग्रेसमा प्रवेश गरेका थिए । नवप्रवेशी कार्यकर्तालाई प्रमुख अतिथि, विशेष अतिथिहरुले पार्टीको साधारण सदस्यता प्रदान गर्दै खादा र अविरले स्वागत गरेका थिए । नेकपा एमाले झापाले भद्रपुरमा राखेको कार्यक्रममा बोल्दै झापाका इन्चार्ज अग्नि खरेलले सत्ता गठबन्धनका दलहरुले संसद अवरुद्ध भएका बेला हतारमा एमसीसी पास गरेको दावी गरेका छन् ।

स्थायी समिति सदस्य समेत रहेका खरेलले १४ जना सांसदलाई कारवाही नगरेसम्म संसद अवरुद्ध जारी रहने बताए । 'सत्ताका गठबन्धन दलहरुले संसद अवरुद्धका बेला हतारमा एमसीसी पास गरे',-'१२ बुँदे व्याख्यात्मक टिप्पणी भन्दै जनतालाई भ्रमको खेती गरेका छन् । ५ वर्षका लागि आएको यो योजनालाई खवरदारी गर्न आवश्यक छ ।' संसदमा एमाले सरकारका बेला एमसीसी दर्ता गर्ने प्रक्रियामा गएकै हो । तर, ४ वर्षअघि नै झलनाथ खनाल, माधवकुमार, नेपाल, डा.बाबुराम भट्टराई र माओवादीले सम्झौतामा हस्ताक्षर र पत्राचार गरेको उनको दावी छ । एकिकृत समाजवादी पार्टी (एस)लाई नक्कली पार्टीको संज्ञा दिँदै नेता खरेलले एस र माओवादी केन्द्रका कारण कांग्रेसले सुकुमबासीको समस्या समाधान गर्न नसकेको ठोकुवा गरे ।

नेता खरेलले गरिव, विपन्न जनताको प्यारो पार्टी एमाले भएका कारण सबै जनताको आशा पनि एमाले नै भएको धारणा राखेका थिए ।

'बुढेसकालको सहारा एमाले पार्टी हो', नेता खरेलले भने- 'राष्ट्रहित र विकासमा निरन्तर क्रियाशील एमाले गरिव, विपन्न नागरिकको उन्नति, भलाईका लागि सधैं योगदान गरिरहने छ ।'

एमाले सरकार रहँदा मुलुकमा विकासको लहर छाएको भन्दै नेता खरेलले आगामी

❖ **बाँकी अन्तिम पृष्ठमा**

संकटा झापा गोल्डकपको सेमिफाइनलमा

बिर्तामोड (प्रस) । संकटा क्लब काठमाडौं पाँचौं झापा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा मंगलबार भएको खेलमा श्री स्टार क्लबलाई २-० गोल अन्तरले पराजित गर्दै संकटाले सेमिफाइनलमा स्थान सुरक्षित गरेको हो ।

संकटाको जितका लागि विदेशी खेलाडी यानिक र फोडे फोफोनाले गोल गरे । खेलको २५ औं मिनेटमा डिबक्सभित्रबाट यानिकले प्रहार गरेको गोलले पोस्टको दिशा पायो । पहिलो हाफ १-० को अग्रता बनाएको संकटाले दोस्रो हाफमा थप एक गोल गऱ्यो । खेलको ६३ औं मिनेटमा फोडे फोफोनाले अर्को गोल थपे ।

श्री स्टारले भने सान्त्वना गोलसमेत फर्काउन सकेन । खेलमा श्री स्टारले पाएका अवसर सदुपयोग गर्न सकेन । खेलको दोस्रो मिनेटमा रितिक खड् काले डिबक्सबाट गरेको हेडर विपक्षी गोलरक्षक रोहित कार्कीले सहजै विफल बनाए । खेलको ३६ औं मिनेटमा संकटाका सुवास गुरुङको कर्नरमा यानिकले गरेको हेडर बार नजिकैबाट बाहिरियो ।

४६ औं मिनेटमा श्री स्टारका रितिक खड्काले डिएरियाबाट गरेको प्रहार विपक्षी गोलरक्षकले बचाउ गरे । खेलको ७० औं मिनेटमा संकटाका उत्तम राईले गरेको प्रहार विपक्षी गोलरक्षक प्रिसोले बचाउ गरे । ७५ औं मिनेटमा श्री स्टारका सञ्जोक राईले गरेको हेडर विपक्षी गोलरक्षकले सहजै नियन्त्रणमा लिए ।

मंगलबारको खेलको प्लेयर अफ द म्याच संकटाका गोलरक्षक रोहित कार्की भए । उनले नगद ९ हजार ९९९ रुपैयाँ पाए ।

खेलपछि भएको पोस्ट म्याच कन्फ्रेन्समा श्री स्टारका प्रशिक्षक रविन्द्र सिल्पकारले लिगपछि लामो ग्यापमा मैदानमा उत्रिँदा तालमेल हुन नसकेको बताए ।

त्यस्तै, विजयी टोली संकटाका प्रशिक्षक सल्यान खड्गीले खेल निकै प्रतिस्पर्धात्मक भएको बताए । उनले संकटाले पहिलो हाफमा गरेको गोल नै 'टर्निङ प्वाइन्ट' भएको बताए ।

बुधबारको क्वार्टर फाइनल खेल त्रिभुवन आर्मी फुटबल क्लब र भारत दार्जिलिङको एम एफसीबीच हुने आयोजकका अध्यक्ष विनोद बस्नेतले जानकारी दिए ।

आयोजकले मंगलबार अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसको अवसर पारेर महिला दर्शकलाई प्रवेश निःशुल्क गरेको थियो । कार्यक्रमको अध्यक्ष, प्रमुख अतिथि तथा सबै अतिथिहरु महिला मात्र थिए ।

SAHARA SACCOS SHIKSHYA SADAN
Estd:2074
BIRTAMODE-2, CHARPANE, JHAPA

V A C A N C Y ANNOUNCEMENT

"We create a harmonious environment that promotes work, self-discipline and a lifelong love of learning"

Sahara SACCOS Sikshya Sadan, is a multicultural school dedicated in guiding and nurturing children's holistic development by providing a learning atmosphere that promotes peace, harmony and respect based upon Montessori Principle of Education. Our commitment is to boost the intellectual, physical, emotional growth and development of every child through organized educational activities.

We are expecting committed and proficient individual for the following position:

1. Job Title: Principal
Academic Qualification: Master's degree in any discipline
Skill Required:
* Excellent communication skills required with fluency in English
* Previous experience as a principal or in a similar role
* Knowledge of school administrative processes and national educational regulations
* Hands-on experience with MS Office and education management systems
* Attention to detail
* Great presentation and communication skills
* Crisis management
* Ability to coach and inspire

Experience: At least 3 years of teaching professional experience will be given preference.

2. Job Title: Teacher (Science/Math)
Academic Qualification: Bachelor's degree in Science (BSC) major in Physics
Skill Required: Excellent communication skills required with fluency in English
Experience: At least two years of teaching professional experience will be given preference

3. Job Title: Teacher (English)
Academic Qualification: Bachelor's degree in English
Skill Required: Excellent communication skills required with fluency in English
Experience: At least two years of teaching professional experience will be given preference

4. Job Title: Cook/Chef
Academic Qualification: +2 or equivalent
Skill Required:
* Ensure ingredients and final products are fresh.
* Follow recipes, including measuring, weighing and mixing ingredients.
* Present, garnish and arrange final dishes.
* At least two years of professional experience in similar position

Interested candidate are requested to submit application, a copy of citizenship card, updated resume and copies of credentials along with two PP size photos. Required documents can be submitted to the school's office or sent through email in **saharasaccosshikshyasadan@gmail.com** before 14th of March, 2022. Only Shortlisted candidates will be notified for further process.

***Note: Salary Negotiable**

सात प्रजातान्त्रिक नेतृहरु सम्मानित

बिर्तामोड (प्रस) । ११२ औ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर प्रजातान्त्रिक आन्दोलनका अग्रणी महिला नेतृहरुलाई सम्मान गरिएको छ । नेपाली काँग्रेस झापा क्षेत्र नम्बर-२ को आयोजनामा सम्पन्न कार्यक्रममा राणा शासनको अन्त्य, तत्कालीन राजा महेन्द्रले २०१७ सालमा जनर्निवाचित सरकारलाई अपदस्त गरी एकदलीय तानाशाह लादेपछि प्रजातान्त्रिक समाजवाद, बहुदलीय ब्यवस्था र वाक् एवं अभिव्यक्ति स्वतन्त्रताका लागि संघर्ष गरेका सातजना महिला नेतृहरुलाई सम्मान गरिएको हो ।

सम्मानित हुनेहरुमा धर्मकला प्रसाईं, दिब्या प्रसाईं, यज्ञकुमारी सिटौला, उमा पोखरेल, पद्मा बजगाई, मिठु ढकाल र निर्जला बन रहेका छन् । सम्मानित अधिकांश नेतृहरुले निर्दलीय शासन ब्यवस्थाका बेला कांग्रेसले सञ्चालन गरेको प्रजातान्त्रिक समाजवादी आन्दोलनमा लागेकै कारण जेल, नेल, यातना, निर्वासन एवं सर्वस्वहरणसम्मको यातना भोगेका थिए । सम्मानित ब्यक्तित्वहरुलाई प्रमुख अतिथि एवं कांग्रेस केन्द्रीय सदस्य डिला संग्रौला, पूर्व मन्त्री उदयसमशेर राणा, विशेष अतिथिहरु नेपाली कांग्रेस १ नं प्रदेश सभापति उद्धव थापा, संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी, पूर्व सांसद डिल्लीप्रसाद सिटौला, झापा सभापति देउमान थेवे, सचिव कृष्ण हुमागाई, २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनालीलगायतले सम्मानपत्र र दोसल्लाले सम्मान गरेका थिए । सम्मानित ब्यक्तित्वको जिवनी समेटिएको सम्मानपत्र उपसभापति लक्ष्मीप्रसाद आचार्य र सचिव चन्द्र चुडालले वाचन गरेका थिए । सो कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि कांग्रेसकी केन्द्रीय सदस्य डा. डिला संग्रौलाले कम्युनिष्टलाई मतदान गर्नु राष्ट्रघात हुने सन्देश लिएर गाउँ-टोलमा पुग्नुपर्ने बताइन् ।

उनले एमाले अध्यक्ष के.पी. ओलीतर्फ संकेत गर्दै पार्टी संहाल्न नसक्ने, संसद बन्धक बनाउने र मुलुकमा अस्थिरता निम्त्याउने कम्युनिष्ट पार्टीलाई 'नो भोट' को मूल नारा लिएर गाउँ-गाउँ जानुपर्ने बताइन् । कम्युनिष्ट नेतृत्वको सरकारले मुलुकलाई अस्थिरतातर्फ धकेल्दैगर्दा संविधानको रक्षा, राष्ट्रवाद एवं मुलुकको समृद्धिका लागि कांग्रेसले सिद्धान्त, विचार र नीति नमिल्ने दलहरुसँग गठबन्धन गरेर सरकारको नेतृत्व लिएको उनको भनाइ छ । 'सरकारमा गठबन्धन भएपनि कांग्रेसले अरु दलको बैशाखी टेकेर निर्वाचनमा जानुहुँदैन'-नेतृ संग्रौलाले भनिन्-'कांग्रेस पार्टी देशको मियो हो । कांग्रेसले मात्रै लोकतन्त्रको रक्षा र मुलुकको समृद्धिका लागि निर्णायक भूमिका निर्वाह गर्छ ।' तसर्थ कांग्रेस निर्वाचनमा जानुपर्नेमा आफू दृढ रहेको उनको भनाई थियो ।

संगठनभित्र मुद्धा, विचार र बल चाहिने उल्लेख गर्दै नेतृ संग्रौलाले आगामी २७ गतेबाट नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरु 'घर-घर जाऔं कांग्रेसलाई जिताऔं' भन्ने मूल नारासहित गाउँ-टोलसम्म पुग्ने बताइन् ।

कम्युनिष्ट शासन भएका मुलुकहरुमा महिला अधिकारको अवस्था कमजोर रहेको उल्लेख गर्दै संग्रौलाले लोकतान्त्रिक शासन ब्यवस्थामा मात्रै महिला, पिछडिएको वर्ग र सबै जातजातिको अधिकार सुरक्षित हुने दावी गरिन् ।

कार्यक्रममा पूर्वमन्त्री एवं नेपाल तरुण दलका पूर्व अध्यक्ष उदयसमशेर राणाले एमसीसी मुलुकको हितमा रहेकै कारण कांग्रेसकै नेतृत्वमा पारित गराएको दावी गरे । केन्द्रीय सदस्य राणाले आफू उपप्रधानमन्त्री हुँदा भीम रावलले एमसीसीको विषयमा एक शब्द नबोलेको र अहिले चर्का कुरा गर्नु राजनीतिक बेइमानी भएको टिप्पणी गरे । उनले नारायणकाजी श्रेष्ठ, झलनाथ खनालले एमसीसीको विरोध गरेर आफूहरूलाई बेइमान नेताको पंक्तिमा उभ्याएको आरोप लगाए । राणाले उनीहरूलाई छेपारोले रङ फेरेजस्तो बोली नफेर्न सचेतसमेत गराए । कार्यक्रममा सम्मानित ब्यक्तित्व यज्ञकुमारी सिटौला, झापा जिल्ला सभापति देउकुमार थेबे, अर्जुनधारा नगर सभापति हेमराज खरेललगायतले मन्तब्य राख्दै आधा आकाश ढाक्ने महिलाहरुको समान सहभागिताले मात्रै सामाजिक रुपान्तरण र परिवर्तन सम्भव हुने धारणा राखेका थिए ।

❖ **बाँकी अन्तिम पृष्ठमा**

नेकपा एसको दसवटै वडा कमिटी

बिर्तामोड (प्रस) । नेकपा एकीकृत समाजवादी बिर्तामोडको वडा नं. ५ को वडा कमिटी पुराना बामपंथी नेता हर्क कुँवरको अध्यक्षता बनेसँगै वडा कमिटीले पूर्णता पाएको छ ।

नगर कमिटीका अध्यक्ष श्रीप्रसाद सिटौलाका अनुसार अब भातृ संगठन निर्माण र निर्वाचनकेन्द्रित कार्ययोजना तय गरेर पार्टी अगाडि बढ्ने छ ।

उनका अनुसार यसअघि बिर्तामोडमा युवा संघ, अनेरास्वावियुलगायतका नगर कमिटी बनिसकेको छ भने अब अनेमसंघ, किसान, शिक्षक, मजदुर र दलितका नगर कमिटी गठन गर्ने योजना छ ।

यसै योजना अनुसार २ हजार संगठित सदस्य र ५ हजार पार्टी सदस्य बनाउने तयारी गरिएको र स्थानीय चुनावमा पार्टीका लागि घरघरमा पुगेर भोट माग्ने टिम तयार गरिएको छ ।

झापाका १५ स्थानीय तहमध्ये बिर्तामोडले सबै वडा कमिटी निर्माण गरिसकेको जिल्ला प्रचार बिभाग प्रमुख तीर्थ सिग्देलले जानकारी दिए । जिल्लाभर कमिटी गठन, विस्तार र चुनावकेन्द्रित अभियान थालिएको उनले बताए । 'अब हरेक टोलमा कमिटी बन्नेछन्,' सिग्देलले भने, 'कमिटी विस्तारसँगै भोट माग्न थालिने छ ।'

अन्तर्राष्ट्रिय महिला दिवसमा रक्तदान

पथरीशनिश्चरे, फागुन २४ । पथरीशनिश्चरे नगरपालिका कार्यालयले ११२ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

'सामाजिक न्याय र लैंगिक समानताः दिगो विकासको सुनिश्चितता' भन्ने नाराका साथ रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

नगरस्तरीय रक्तदान कार्यक्रममा बोल्दै नगर उपप्रमुख यमुना बिष्ट बाँस्तोलाले यस्ता दिवस भाषण गरेर मनाउनुभन्दा मानिसलाइ जीवन बचाउने रगतको दान गर्नु उचित लागेर यस्तो कार्यक्रम राखिएको बताइन् । कार्यक्रममा नगर प्रमुख दिलीपकुमार राई, प्रमुख प्रसाशकीय अधिकृत लक्ष्मीप्रसाद खरेलसहितको उपस्थिति रहेको थियो । रक्तदातालाई मायाको चिनो प्रदान गरिएको कार्यक्रममा नगरस्तरीय महिला फेडेरेशन, अखिल नेपाल महिला संघ, युवा संघको संस्थागत उपस्थितिमा ३३ पिन्ट रगत संकलन भएको छ । सो रगत रेडक्रस मोरङ विराटनगरमा जम्मा गरिएको छ ।

सात ..

कार्यक्रममा नेपाल चिया बगान श्रमिक संघका अध्यक्ष दीपक तामाङ, शहीद परिवारका केदार समशेर गिरी र युवराज विमली, प्रदेश सदस्य मिरा खड्का, राजकुमार बराईली, जिल्ला सदस्यहरु सरस्वती सिटौला, पार्वता गिरी, एलबहादुर गिरी, झुमा बेडारी, लीला ढकाल, प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली, महाधिवेशन प्रतिनिधिहरु उमा शिवाकोटी, टिका प्रसाई, भुमा घिमिरेलगायत नेपाली काग्रेसमा आबद्ध विभिन्न तह र तप्काका कार्यकर्ताहरुको उल्लेख्य उपस्थिति रहेको नेपाली काग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।खगेन्द्र मैनालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत किरण श्रेष्ठ र सञ्चालन सचिव राम धिमालले गरेका थिए ।

नारी...

निर्वाचनबाट एमाले नै पहिलो र ठूलो पार्टी हुने दावी समेत गरेका छन् । कार्यक्रममा एमाले झापाका अध्यक्ष दिपक कार्कीले आउँदो चुनावमा सूर्यमा भोट हाल्न तयार हुन आग्रह गरेका छन् । उनले विगतको चुनावमा सूर्यमा भोट हाल्न नपाएको भन्दै आउँदो चुनावमा झापा क्षेत्र नं. ३ का जनताले सूर्यमा मतदान गर्न पाउने बताए । सोही अवसरमा ज्येष्ठ महिलाहरुलाई ११२ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सम्मान गरिएको थियो ।

झापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

१५ दिने सूचना

सधियार पूर्वः श्री सुभाष अग्रवालको नाममा जारी गरिएको ।

साविक टाघनडुब्बा गाविस वडा नं. २ हाल झापा गाउँपालिका, वडा नं. ४ बस्ने श्री विनय कुमार दत्तले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
झापा गा.पा. ४	१७९ ०६६९ १३	३७	४२३.३५ वर्ग मि.	२०७८/ ०९/२५	२०७८/ १०/२५	२०७८/ ११/११

मानेभञ्ज्याङले चुम्यो अमरदह गोल्डकपको उपाधि

पथरीशनिश्चरे (प्रस) । मोरङको सुनवर्षी २ अमरदहमा संचालित चौथो अन्तर्राष्ट्रिय आमन्त्रण ढल्केजोवन गोल्डकपको चौथो संस्करणको उपाधि मानेभञ्ज्याङ भेट्टान फुटबल क्लब दार्जिलिङले चुमेको छ ।

मंगलबार भएको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबविरूद्ध दार्जिलिङको मानेभञ्ज्याङ भेट्टान फुटबल क्लबका जर्सी नं १६ का राजा रावतले दोस्रो हाफको २० मिनेटमा निर्णायक गोल गर्दै आफ्नो टिमलाई १-० को अन्तरले विजयी गराएका थिए।

फाइनल खेलको म्यान अफ दि म्याच मानेभञ्ज्याङका जर्सी नं १६ का राज रावत घोषित भए। उनलाई नगद ५ हजारसहित मेडल र ट्रफीद्वारा पुरस्कृत गरियो।

यसैगरी, चोथौ ढल्केजोवन गोल्डकपकै पहिलो ह्याट्रिक गर्ने त्रिभुवन आर्मी फुटबल क्लबका जर्सी नं २३ का टेकबहादुर बुढाथोकीलाई बेष्ट स्कोररको

टाईटल दिइएको छ । उनलाई २१ हजार नगदसहित सम्मान गरियो । सर्वोत्कृष्ट खेलाडीको पुरस्कार मानेभञ्ज्याङ दार्जिलिङका समीर प्रधान ,वेष्ट गोलरक्षक उर्गेन शेर्पालाई २१ हजार रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र सहितले पुरस्कृत गरियो ।

यसैगरी , वेष्ट डिफेन्डर आर्मीका युद्ध शाहीलाई नगद १६ हजार रुपैयाँसहित पुरस्कृत गरियो।

'अमरदह ढल्केजोवन युवा क्लबको ज्ञान, एकता मित्रता सदभाव सुनबर्षीको पहिंचान' भन्ने मुल नाराका साथ सुनबर्षी नगरको शानको रुपमा चौथो अन्तर्राष्ट्रिय आमन्त्रण अमरदह ढल्केजोवन गोल्ड कपमा भारत, नेपाल र भुटानका विभिन्न १२ वटा टिमको सहभागिता रहेको थियो। नेपाली काँग्रेसका केन्द्रीय सदस्य , मोरङ क्षेत्र नं-२का प्रतिनिधि सभाका सदस्य डा. मिनेन्द्र रिजाल,काग्रेस मोरङ अध्यक्ष डिकबहादुर लिम्बू , नेकपा एमालेका मोरङ अध्यक्ष ऋषिकेश पोखरेल, नेपाल काँग्रेसका केन्द्रीय सदस्य राजीव ढुंगाना , मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दहाल , प्रदेश नं १ लिलावल्लभ घिमिरेले पुरस्कार वितरण गरेका थिए । प्रतियोगिताका विजेताले ५ लाख ११ हजार तथा उपविजेताले २ लाख ५१ हजार नगदसहित मेडल र ट्रफी पाएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

फास्ट ट्र्याक आइटी सोलुशन
बिर्तामोड, झापा

कर्मचारी आवश्यकता

यस कार्यालयका लागि निम्न बमोजिम कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले विज्ञापन प्रकाशित भएको मितिले ७ दिनभित्र आफ्नो सम्पूर्ण डकुमेन्टसहित इमेलमार्फत पठाउनु होला ।

पद : टेक्निसियन (पुरुष) Technician (Male)
संख्या : १
न्यूनतम योग्यता : SLC / SEE वा सो सरह
अतिरिक्त योग्यता : कम्प्यूटरमा दक्ष, कम्प्यूटर हार्डवेयरको राम्रो ज्ञान भएको , सामान्य नेटवर्किङ गर्न जान्ने , CCTV क्यामेरासम्बन्धी सामान्य ज्ञान भएको, विद्युतीय उपकरण तथा वाइरिङसम्बन्धी राम्रो ज्ञान भएको ।
उमेर : १८ वर्ष पुरा भई ३० वर्ष ननाघेका ।
नोट : कामको अनुभव भएकोलाई विशेष प्राथमिकता । (दुई चक्के सवारीको driving lisence अनिवार्य)
सेवा सुबिधा : तलब : आपसी समझदारीमा , बोनस + बिदा (रु ५ लाख सम्मको दुर्घटना बिमा सुबिधा)

पद : रिसेप्सनिस्ट (महिला) Receptionist (Female)
संख्या : १
न्यूनतम योग्यता : SLC / SEE वा सो सरह
अतिरिक्त योग्यता : कम्प्यूटरमा दक्ष, कम्प्यूटरमा डाटा तथा डकुमेन्टको व्यवस्थापन गर्न सक्ने, सामान्य डिजाइनिङ गर्न सक्ने ।
उमेर : १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको
सेवा सुबिधा : तलब : आपसी समझदारीमा , बोनस + बिदा
इमेल ठेगाना : FTIS075@gmail.com

छोटो सूचीमा पर्ने आवेदनहरुलाई मात्र अन्तरवार्ताका लागि सम्पर्क गरिने छ ।

अन्य जानकारीको लागि
फास्ट ट्र्याक आइटी सोलुशन
बिर्तामोड, झापा (फोन ०२३ -५४२३५४)

श्री पञ्चरत्न माध्यमिक विद्यालय
बिर्तामोड २ , चैतुवारी, झापा प्रदेश नं.१

कोटेसन माग गरिएको सम्बन्धमा

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७८/११/१८ गतेको बैठकको निर्णयअनुसार प्रदेश सरकार सामाजिक विकास मन्त्रालय ,शिक्षा विकास निर्देशनालय प्रदेश नं. १ धनकुटाबाट यस विद्यालयलाई प्राप्त ई-शिक्षा तथा स्मार्ट कक्षा व्यवस्थापनसम्बन्धी कार्यक्रम सम्पन्न गर्नका लागि तपसिल बमोजिमको specification को आधारमा सामग्री खरिद तथा व्यवस्थापन गर्न इच्छुक संस्था , फर्म वा कम्पनीले मूल्यसमेत उल्लेख गरी सूचना प्रकाशित भएको १५ दिनभित्र विद्यालय प्रशासनमा कोटेसन पेस गर्नुहुन अनुरोध छ ।

तपसिल :

Specification of Interactive Panel Board - 1

Active Screen size	65” or above
Resolution	3840*2160 pixels
Response time	<4ms
Life time	50,000 hours or above
Touch points	10 points in android and 20 points in windows or above
Android version	8.0.0 or above
WIFI and screen sharing	Available
CPU	i5, 8th generation or above
RAM	8 GB or above
Storage(HDD)	256 SSD and 1TB HDD or above
Built in WIFI	Available
Web camera with audio input	Available
Document camera(note reader)	Available
OPS	Available
Touch pen	Available
Device user manual in English	Available
Guarantee	1 year or above
Monitoring system	Online प्रविधिबाट Hardware र प्रयोगको Monitoring गर्ने system जडान भएको हुनुपर्ने
Terms and Condition : Interactive Panel Board must be set up with the protection box having sliding white board .	

1. Laptop - १थान

Specification :

- Intel i5 10thGen or above
- System Memory
  - RAM 8GB DDR4 or above
  - Hard Disk 1TB with additional 256 GB SSD
- Graphics : 2GB or above
- Display : 14’FHD Anti Glare LED Bachlight non touch narrow boarder WVA Display
- Battery Backup Min 4hrs or above
- OS : Genuine Window 10 or above , English
- Antivirus Genuine
- Guarantee : One year or above

1. Desktop- १थान

Specification :

- Intel i5 10thGen or above
- System Memory
  - RAM 8GB DDR4 or above
  - Hard Disk 1TB with additional 256 GB SSD
- Graphics : 2GB or above
- Display : 19’ LED Monitor
- Battery Backup Min 4hrs or above
- OS : Genuine Window 10 or above
- Guarantee : One year or above

1. Printer- १थान

Specification :

- Duplex 3x1 Laser Printer

Function :

- Printing, Scanning, Duplex and Wired–Wireless Printing
- Printing Speed upto 30 PM
- Connectivity : USB 2.0 or above
- Guarantee : One year or above

आवश्यक कागजातहरु

- निवेदन / नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- व्यवसाय दर्ता प्रमाणको प्रतिलिपि
- मूल्य अभिवृद्धि कर, स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- आ.व. २०७७/०७८ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

रीत नपुगी तथा म्याद समाप्त भई आएका निवेदनउपर कुनै कारवाही हुने छैन ।

हरि ओम UPVC उद्योग

बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रूफिङका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।

नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop

9842717153 / 9842696003

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

डोमालालको अपुताली जग्गा ?

डोमालाल राजवंशीले दिएको जग्गामा डोमालाल राजवंशी रंगशाला अवस्थित छ । जहाँ चर्चित झापा गोल्डकप फुटबल प्रतियोगिता संचालन भइरहेको छ। स्वर्गीय गोमालाल राजवंशीले एउटा पवित्र र नेक उद्धेश्य राखेर दुर्गा मन्दिरलाई १२ विगाह जग्गा दान दिएका थिए । त्यस जग्गालाई देवी गुठीमा बस्नेहरुले बेचिखाए । पछि विवाद भयो । लामो र तीब्र विवादका कारण जग्गा किन्नेहरुले भोगचलन गर्न पाएनन् । जग्गा बेच्नेहरु सामान्य सामाजिक कार्वाहीपछि उन्मुक्ति पाए । बेचिखानेहरु अहिले हाम्रै समाजमा शिर ठाडो पारेर हिडिरहेका छन् । त्यही जग्गामा रंगशाला निर्माण गरिएको छ । डोमालाल राजवंशीको जग्गामा रंगशाला निर्माण गरी संचालन गरिनु राम्रो कुरा हो । दिवंगत डोमाललले सार्वजनिक दुर्गा मन्दिरको लागि सो जग्गा दान दिएका थिए । रंगशाला पनि समाजकै लागि हो । तर , यहाँ मन दुखेको छ डोमालाल राजवंशीको परिवारको र अनि सिंगो राजवंशी समुदायको । डोमालाल राजवंशीको जग्गालाई अपुतालीको सम्पत्ति ठान्दा उनीहरुको मन दुखेको हो । अर्काको जग्गामा जसले जे गरे पनि भयो भन्ने प्रवृति बढेपछि । दाता परिवारलाई सोध्नु पनि परेको छैन , खोज्नु पनि परेको छैन । जारी पाँचौं झापा गोल्डकपको उद्घाटन गर्न आउँदा पूर्व प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी ओलीले डोमालाल राजवंशी रंगशालाको नाम अर्को नफेरिने बताए ।

उनले उद्घाटन मन्तव्य दिँदै भने ,'यो रंगशालाको नाम डोमालाल राजवंशी रंगशाला हो , यसको नाम अर्को हुँदैन । डोमालाल नै हुनुपर्छ र रहन्छ पनि ।'

उनले आदिवासी समुदायका डोमालाल राजवंशीले दान दिएको जग्गा जालझेल गरेर भूमाफियाहरुले आफ्नो हात पारिसकेको अबस्थामा अग्नी खरेललगायतको प्रयासमा आंशिक रुपमा फर्काउन सफल भएको बताए । उनले डोमालालको १२ विगाह जग्गामध्ये ४ विगाह फर्काइएको जानकारी दिए । बाँकी जग्गा पनि फर्काउने प्रयास भइरहेको बताउँदै अध्यक्ष ओलीले जग्गा हत्याउनेहरुले फिर्ता नगरे कानूनी तवरले फिर्ता गराउने चेतावनी दिए । झापाका प्राय: सबै सार्वजनिक स्थलहरुलाई आदिवासी राजवंशीहरुले नै जग्गा दान दिएका थिए । ती जग्गाजमिन अरुले बेचेर खाइसकेका छन् । दाता परिवारले दान दिएको प्रमाण पनि कतिपय ठाउँमा हटाइएको छ । कतिपय ठाउँमा नाम नै परिवर्तन गरिएको छ । यी जालझेल आदिवासीहरुले निकै सहेका छन् । जुन डोमालाल राजवंशी रंगशालामा पनि हुने देखिएको छ । किनकि दाता परिवारलाई उनीहरुले वास्ता नै गरेका छैनन् । हिजो जग्गा दिने डोमालाल , उनको परिवार , राजवंशी समुदायलाई उनीहरु गन्न चाहदैनन् । हिजो खेम थपलिया , गणेश ओलीलगायतले बेचेर त खाए अहिले हामीले पनि बेचेर खाँदा के हुन्छ भन्ने सोच पाइएको छ । खबरदार फेरि पनि अर्को भूमाफिया टोली नबनोस् । जसलाई बिर्तामोडमा कालोमोसो दलेर घुमाइएको थियो ।

महिलाहरुको संयुक्त आवाजलाई बुलन्द पारौं

टीकामाया लामिछाने

बिषय प्रबेश:

सन् १९०७ मार्च ८ बाट शुरु भएको महिला आन्दोलनले विभिन्न चरणहरु पार गर्दै हामी ११२ औं अन्तर्राष्ट्रिय महिला श्रमिक दिवस मनाउने दिनसम्म आईपुगेका छौं ।

सन् १९०७, मार्च ८ मा जर्मनकी समाजवादी महिला नेतृ क्लारा जेडकिनको संयोजकत्वमा जर्मनको स्टुटगार्डमा प्रथम अन्तर्राष्ट्रिय महिला सम्मेलन सम्पन्न भएको थियो । जसमा महिलाहरुको मताधिकारको माग र राजनीतिक तथा आर्थिक समानताका अधिकार प्राप्तिसम्बन्धी प्रस्ताव पारित गरिएको थियो र सो को कार्यान्वयनका लागि मार्च महिनाबाटै संघर्षहरु शुरुवात भएका थिए ।

सन् १९१०मा डेनमार्ककी कोपनहेगनमा दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना भयो जसमा सम्भावित विश्वयुद्धलाई रोक्ने, आमा र बच्चाको रक्षा गर्ने,कार्यघण्टा १६ घण्टालाई घटाएर ८ घण्टामा कायम गर्ने , महिलाहरुले भोग्नु परेका आर्थिक ,सामाजिक,राजनीतिक अधिकारको ग्यारेन्टी गर्नुपर्ने, समान ज्याला पाउनु पर्ने, मताधिकारबाट बन्चित नगरिनुपर्ने, मजदुर युनियनमा सहभागी हुन र नेतृत्व गर्न पाउनु पर्ने मागहरु थिए ।

यसरी महिला नेतृ क्लारा जेडकिनको नेतृत्वमा अन्तर्राष्ट्रिय महिला दिवस सन् १९११ देखि मनाउन शुरु भयो । ८ मार्चलाई महिला मजदुरले सफल पारेको आन्दोलनको सम्मानको रुपमा प्रत्येक बर्ष मार्च ८ मा विश्वभरि महिला दिवस मनाउँदै आईरहिएको छ ।

नेपालको सन्दर्भमा महिला आन्दोलनः

नेपालको सिराहा जिल्लामा सन् १९१७ मा ५ जना महिलाहरु भेला भई आन्दोलनको शुरुवात गरेको पाईन्छ । जसमा योगमायादेवी, दिव्यकुमारी देवी, सुष्मा अधिकारी , देवकुमारी देवी , मनकुमारी देवी रहनुभएको थियो । जब बेलायती महिलाहरुले मताधिकारमा पुरुष सरहको अधिकार प्राप्त गरेका थिए, त्यसैबेला नेपालमा पनि महिला आन्दोलनको प्रारम्भ भएको थियो । यसैगरी बि.स. १९९८ असार ३१ मा योगमाया न्यौपाने र उनका ६७ जना अनुयायीहरुले अरुण नदीमा एकै पटक हामफालेर आत्महत्या गरेका थिए । राणा शासनको अत्याचारको बिरुद्धमा भोजपुरकी बाल बिधवा योगमायाले गीत र कविताको लयमा राणा प्रधानमन्त्री मोहन शमशेरसमक्ष बिन्ती चढाएकी थिईन् ।

बि.सं.२००४ सालमा नेपाल महिला संघको गठन भयो । जसमा मंगलादेवी सिंह , साधना श्रेष्ठ ,साहना प्रधान , स्नेहलता श्रेष्ठ थिए । यस समयमा राजनीतिक दलहरु खोल्न प्रतिबन्ध भएकाले बनभोजको आयोजना गरी उक्त संगठन तयार भएको थियो । त्यसबेला छोरीहरुलाई पनि मेट्रिक जाँच दिन पाउनुपर्ने माग समेत उक्त संगठनले राखेको थियो ।

यसैगरी २००४ सालदेखि महिला शिक्षाको शुरुवात भयो भने बि.सं २००८ सालदेखि महिलाहरुलाई पनि निर्वाचनमा उठ्न एवं मत हाल्ने अधिकार प्राप्त भएको थियो। बि.सं. २०१६ सालमा गठित बि. पी कोईरालाको नेतृत्वमा निर्वाचित सरकारमा सहायक मन्त्रीका रुपमा पहिलो महिला मन्त्री द्वारिका देवी ठकुरानी चयन भईन् । २०३६ सालमा महिलाहरुले आन्दोलनका सबै क्षेत्रमा महिलाका मुद्धा उठाउन पाउने र महक , पैतृक सम्पतिमा पूर्ण समानता जस्ता बिषयहरु उठान भएका थिए । उक्त मुद्धाहरुलाई २०६३ सालमा पुनःस्थापित संसदबाट बिशेष प्रस्तावको रुपमा पारित गरी महिला अधिकारको क्षेत्रमा नयाँ आयाम थपिएको थियो । यसरी क्रमिक रुपमा २०६४ सालको संबिधानसभा, २०७० सालको दोस्रो संबिधान सभा , २०७४ को स्थानीय तहको निर्वाचन र २०७४ को प्रदेश सभा एवं संघीय सभाहरुको निर्वाचनमा महिलाहरुको ३३% प्रतिनिधित्व भएको अवस्था छ ।

संयुक्त राष्ट्रसंघले सन् १९७५ मार्च ८ देखि विश्वब्यापी रुपमा मनाउने घोषणा गरी मनाउँदै आईरहिएको ११२औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर यो कार्यक्रम गरिरहेका छौं कार्यक्रममा छलफलको बिषयको रुपमा :-

नेपालमा बेईजिङ घोषणापत्रको सान्दर्भिकता संगै यस बर्षको नारा 'सामाजिक न्याय र लैंगिक समानता दिगो विकासको सुनिश्चितता' भन्ने रहेको छ ।

यिनै शिर्षकमाथि यस कार्यपत्रमा छोटो चर्चा गरिएको छ र यसैमाथि छलफल गरिनेछ ।

नेपालको सन्दर्भमा बेईजिङ घोषणापत्र, उपलब्धि र समस्या

नेपालले चौथो विश्व सम्मेलनमा दर्शाएको प्रतिबद्धता अनुसार बेईजिङ कार्ययोजनामा उल्लेखित १२ वटा महत्वपूर्ण र रणनीतिक सरोकारका क्षेत्रहरुमा भएका उपलब्धिहरुलाई संक्षेपमा हेर्दा :-

१. महिला र गरिबी :- राष्ट्रिय विकासको प्रत्येक क्षेत्रमा महिलाको सहभागितालाई मुल प्रवाहमा समाहित गरि उनीहरुको सशक्तिकरण र लैङ्गिक समानताको आधारमा विकसित समाजको सृजना गर्ने सन्दर्भमा महिलाको आर्थिक सशक्तिकरण गर्न गरिएको, महिलाले संचालन गरेका व्यवसायलाई कर छुट, विभिन्न सहुलियत प्रदान गर्ने व्यबस्था ,व्यवसाय गर्न चाहने महिलालाई १५ लाख रुपैयाँसम्म ऋण दिने जस्ता कार्यक्रमहरुबाट केहि सकारात्मक परिणामहरु देखिएका छन् ।

२. शिक्षा तथा तालिमः- महिलालाई शिक्षा र तालिममा समान अवसर प्रदान गरि लैङ्गिक समानता हासिल गर्ने सिलसिलामा बेईजिङ सम्मेलनले शिक्षामा समान अवसरको प्रत्याभूति दिएको छ । बेईजिङ कार्ययोजनामा गरिएको प्रतिस्पर्धाका कारण महिला र बालिका शिक्षाका लागि बिशेष पहल र शिक्षा क्षेत्रमा लैंगिक सचेतना अभिबृद्धि तथा लैंगिक दृष्टिले अनुकुल शिक्षा प्रणालीका लागि अग्रसरता देखिएको छ ।

३. महिला र स्वास्थ्य :- बेईजिङ कार्ययोजना र सोहीअनुरुपको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनले नेपालका नीति निर्माणहरुमा महिलाको जीवनचक्रमा आधारित स्वास्थ्यबारे सचेतनामा वृद्धि भएको छ । यस क्षेत्रमा हाल स्थानीय तहले पनि बिभिन्न महिला स्वास्थ्यका कार्यक्रमहरु ल्याएर सबै पक्षको सहकार्य र सहभागिता रहेको हुँदा आगामी दिनमा महिलाको स्वास्थ्य स्थितिमा सकारात्मक परिवर्तन ल्याउन सकिने अपेक्षा गर्न सकिन्छ ।

४. महिला बिरुद्धको हिंसाः- नेपालको संविधानमा समानताको हक , महिलाको हक, लैंगिक विभेद बिरुद्ध कानुनी व्यवस्थाका साथै राष्ट्रिय महिला आयोग,राष्ट्रिय मानव अधिकार आयोग आदि जस्ता संरचनागत व्यवस्था गरिएको छ । त्यसैगरी लैंगिक विभेदी ऐनहरु संशोधन गरी लैंगिक समानताको प्रयास भएको छ ।

५. महिला र सशस्त्र संघर्ष :- नेपालमा सशस्त्र संघर्षको कुरा सामाजिक विकासको परिधिभित्र आईसकेको छ । हिंसात्मक गतिविधिमा लागेकाहरुलाई शान्तिपूर्ण जीवनयापनको वातावरण सृजना गर्नका लागि गरिएका कार्यक्रमहरुमा महिलाहरुको सहभागिता वृद्धि गर्नका लागि प्रोत्साहन गरिएको थियो । मानव अधिकारवादी ,गैरसरकारी तथा सामाजिक संस्थाहरुले विद्यमान द्वन्द्वलाई शान्तिपूर्ण र मानव अधिकारवादी दृष्टिकोणबाट समाधानका लागि पहल गरेका कारण नेपालमा १० बर्षे सशस्त्र युद्धविराम भई शान्ति स्थापना भएको हो ।

६. महिला र अर्थतन्त्रः- देशको सर्वाङ्गीण विकासको लागि महिलाको भूमिका अपरिहार्य हुन्छ । तथापि राष्ट्रिय अर्थतन्त्रमा महिलाको सबै आर्थिक योगदानलाई उचित रुपमा मूल्यांकन गर्न सकिएको छैन । कृषिमा संलग्न कुल जनसंख्यामा महिलाको प्रतिशत क्रमशः बढ्दै गएको देखिन्छ । हाल स्थानीय तहले महिलालाई अर्थतन्त्रमा उत्साहजनक सहभागिता गराउनका लागि केहि सकारात्मक कामहरु भएकाले महिलालाई उद्यमशील बनाउन तालिम तथा बिभिन्न कार्यक्रमहरु भईरहेका छन् ।

७. शक्ति संरचना र निर्णय प्रक्रियामा महिला :- संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशी आधारमा राज्य संरचनाका सबै अंगहरुमा महिला सहभागिता गराउने व्यवस्था गरिएको छ । स्थानीय तहमा ४०% को हाराहारीमा महिला सहभागी र प्रतिनिधित्व रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेका कामहरुमा महिला जनप्रतिनिधिहरुबाट उत्साहजनक रुपमा कार्यसम्पादन भईरहेको छ ।

८. महिला विकासका लागि संस्थागत संरचना :- लैंगिक समानता र महिला विकासका लागि नेपालमा राष्ट्रिय संयन्त्रको आवश्यकतालाई बेईजिङ कार्ययोजनाले नै मूर्त रुप प्रदान गरेको हो । नेपालमा महिला विकास सम्बन्धी राष्ट्रियस्तरमा तहगत व्यवस्था भएतापनि महिलाको उत्थान र लैंगिक बिषयवस्तुलाई नीति तथा योजनामा एकीकरण गर्ने समन्वय, अनुगमन तथा मूल्यांकन गर्ने ,लैंगिक सचेतनाका लागि जागरणमुलक कार्य गर्नेलगायतका कार्य गर्न नेपालमा बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना भएसंगै महिला विकास विभाग हुँदै सबै जिल्लामा महिला विकास कार्यालयहरु स्थापना भए । हाल महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत सबै स्थानीय तहमा महिला विकास शाखाको व्यवस्था गरिएको छ ।

९. महिला र मानव अधिकार :- मानव अधिकारको विविध पक्षलाई समेट्नेगरी तयार भएका महासन्धिहरु लगायत महिलाहरुको अधिकार केन्द्रित महासन्धि र अन्तर्राष्ट्रिय सम्मेलनहरुमा समेत संयुक्त राष्ट्रसंघको सदस्यको रुपमा नेपालले सहभागिता र प्रतिबद्धता जाहेर गरेको छ । नेपालको संविधानमा महिला मानवअधिकारको कानूनी व्यवस्थाका साथै राष्ट्रिय महिला आयोग,राष्ट्रिय,राष्ट्रिय मानव अधिकार आयोगलगायतका संरचनागत व्यवस्थाहरु गरिएको छ ।

१०. महिला र सञ्चार :- महिलालाई संचार क्षेत्रको निर्णायक तहमा सहभागी गराउने उद्धेश्यले केही बर्षयता आमसंचार माध्यममा सम्प्रेषण हुने बिषयवस्तु क्रमशः महिला अधिकार तथा लैंगिक दृष्टिकोणतर्फ उन्मुख हुँदै आएको छ । राष्ट्रिय संञ्चार नीति अनुसार सूचनाको हकसम्बन्धी ऐन २०६४,दुर संचार ऐन २०५३ लगायत विभिन्न ऐन, नियमावलीहरु अवलम्बन गरिएको छ ।

११. महिला र वातावरण :- बेईजिङमा सम्पन्न विश्व महिला सम्मेलनले वातावरण र दिगो विकासका लागि महिलाहरुको सशक्त सहभागिता हुनुपर्छ भनी उल्लेख गरिएको थियो तर नेपालको परिप्रेक्ष्यमा हेर्दा महिलासंग प्रत्यक्ष जोडिएका विकास र वातावरणमा सहभागिता सन्तोषजनक हुन सकेको छैन । लैंगिक आधारमा कुरा गर्ने हो भने पुरुषभन्दा महिला नै बढी वातावरणीय जोखिममा रहेका छन् । घरपरिवार र कृषि क्षेत्रमा अनिवार्य भूमिकाका कारण महिलाले बढी जोखिम वहन गरिरहेका छन्

१२. बालिकाः- बाल अधिकारको क्षेत्रमा संस्थागत र नीतिगत सुधारहरु भएतापनि बालिकाको हकमा अझैपनि जोखिम कायमै रहेको महसुस गर्न सकिन्छ । बालबालिकासम्बन्धी ऐन २०७५ लागू भई सोहीअनुरुप कार्य भईरहेको छ । सरकारी, गैरसरकारी क्षेत्रबाट बालबालिकाको स्वास्थ्य शिक्षा, बालश्रम,यौन शोषणलगायतका कार्यहरुमा महत्वपूर्ण योगदानहरु भएका छन् तर, पछिल्लो समय दिनानुदिन बालिका यौनजन्य हिंसामा पर्नु बलात्कृतका घटना बढ्नुले यसमा चुनौती थपिएको छ ।

यस बर्ष 'सामाजिक न्याय र लैंगिक समानता,दिगो विकासको सुनिश्चितता' भन्ने राष्ट्रिय नारा र ' न्भलमभच भत्रगबष्तिथ तयमबथ ायच ब कगकतबष्लबदभि तयकयचचयध' भन्ने अन्तर्राष्ट्रिय नाराका साथ हामी ११२औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाईरहेका छौं ।

समाजमा सम्पत्ति अवसर र सुविधाको लागि समान पहुँच नै सामाजिक न्याय हो । वास्तवमा यस बर्षको नारा आफैमा पूर्ण छ जस्तो अनुभूत हुन्छ किनकि आजसम्मका महिला आन्दोलन पनि समानताको लडाइँ थियो । सामाजिक न्यायको प्रत्याभूत गर्नका लागि थियो र दिगो विकासको सुनिश्चितताकै लागि थियो ,यो नारालाई सार्थक बनाउन अझ सशक्त महिला एकताको खाँचो छ । जब महिलाले समाजमा बिद्यमान रहेको असमानता हटाई समानता, स्वतन्त्रता अर्थपूर्ण सहभागिता, अधिकारको प्राप्ति,सम्पत्ति,स्रोतसाधन, सुविधा,अवसर, न्यायोचित वितरणमा समान अवसर पाउँछन् त्यसबेला यो नाराले पनि सार्थकता पाउँछ ।

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्षय र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक ब्यक्तिको स्वाभिमान ,स्वतन्त्रता ,समानताका साथै भोक र गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ । चरम गरिबीको अन्त्य गर्न असमानता हटाउन ,विभेदसंग लड्न र पछाडि परेका व्यक्ति र समूहको द्रुत गतिमा प्रगति गर्नका कागि कोही पनि पछाडी नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यहरुले अंगिकार गरेको छ ।

बेईजिङ विश्व सम्मेलनपछि नेपालमा महिला अधिकारका उपलब्धिहरु

- नेपालको संविधानको मौलिक हक र कर्तब्यअन्तर्गत सम्मानपुर्वक बाँच्न पाउने हकको ब्यबस्था गर्नुका साथै समानताको हक अन्तर्गत लिङ्गको आधारमा भेदभाव गर्न नपाईने, समान कामको लागि समान ज्यालाको साथै सामाजिक सुरक्षामा भेदभाव नगर्ने ।
- पैतृक सम्पतिमा लैङ्गिक भेदभाव नगरिने र सबै सन्तानको समान हक हुने ब्यबस्थाका साथै संबिधानले छोरीलाई पनि समान अंशियार मानेको छ ।
- शोषण बिरुद्धको हकमा :- धर्म,प्रथा,परम्परा वा प्रचलनका आधारमा शोषण गर्न नपाईने व्यबस्था गरेको छ ।
- महिलाको हकमा :-प्रत्येक महिलालाई भेदभावबिनाको बंशिय हकको ब्यबस्था गरेको छ ,साथै सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ ।
- महिलाबिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा वा अन्य कुनै आधारमा शारिरिक, मानसिक,यौनजन्य, मनोबैज्ञानिक,वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समाबेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा,स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा बिशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुनेछ ।

महिला अधिकार संरक्षण र सम्बर्द्धनमा देखिएका समस्या र चुनौतीहरुः-

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुले महिलाको सम्मान,सुरक्षा र रोजगारीका लागि जे जति व्यबस्था गरेका छन् ,ती व्यबस्थाहरु मात्रले बद्लिदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिबेशमा पर्याप्त हुन सक्दैन ।

महिला सुरक्षा राष्ट्रिय प्राथमिकताको बिषयभित्र सम्बोधन गरिनुपर्ने मूल बिषय हो । राज्यभित्र बसोबास गर्ने प्रत्येक मानिसको जीवनको सुरक्षा त्यो राज्यको दायित्वभित्र पर्ने बिषय हो । सुरक्षा मानिसको बाँच्न पाउने मात्र होईन, सम्मानपूर्वक बाँच्न पाउने अधिकारसँग सम्बन्धित छ । बिशेष गरी महिलाले भोगिरहेका परम्परागत, आर्थिक, सामाजिक, राजनीतिक, कार्यस्थल र आफ्नै घरमा पनि सुरक्षाका चुनौतीहरुलाई बुँदागत रुपमा हेर्दा :-

- सामाजिक न्याय र लैंगिक समानताको बिषय विकासको मुल प्रवाहमा समाहित हुन नसकेको ।
- महिलालाई नकारात्मक असर पार्ने संस्कृति,परम्परा अझै कायम रहनु, महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक चेतनाको अभाव ।
- शिक्षा,स्वास्थ्य,रोजगार,नीति निर्माण र आर्थिक कुरामा पहुँच नहुनु ,भएपनि पुरुष नियन्त्रित हुनु ।
- घरेलु श्रमको आर्थिक महत्व नहुनु, पारिश्रमिक निर्धारण नगरिनु ।

-पारिवारिक र सामाजिक परिबेशले गर्दा अन्यायको बिरोध गर्न नसक्नु, उजुरी गर्न नसक्नु ।

- राजनीतिक र कार्यगत प्रतिवद्धतामा कमी रहेको ।
- राज्यका संरचनाहरुमा महिलाको स्थान शुन्यप्राय हुनु ,भएपनि अत्यन्तै न्युन हुनु ।
- निजामती सेवालगायतका रोजगारका क्षेत्रहरुमा अझै पनि महिला सहभागिता न्यून रहनु ।
- आमाको नामबाट नागरिकता प्राप्त गर्ने बिषय अझै पनि कार्यान्वयनमा अन्यौलता रहनु ।
- महिलासम्बन्धी महासन्धीको तथा बेईजिङ घोषणापत्रमा प्रदत्त अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको ।

अन्त्यमा, महिला अधिकार र विकासका विविध बिषयहरु कुनै एउटा मन्त्रालय वा क्षेत्रसँग मात्र सम्बन्धित नभई सर्वाङ्गीण विकासका सबै पक्ष वा प्रकृयासँग सम्बन्धित हुने हुँदा विकासको समग्र पक्षमा नै लैंगिक मूलप्रवाहीकरण गर्नु अपरिहार्य छ । केन्द्रदेखि स्थानीयस्तरसम्म महिला सहभागिता अर्थपूर्ण हुनुका साथै प्रत्येक बर्षको कार्यक्रम र बजेट लैंगिक दृष्टिकोण मूलक हुनु जरुरी छ ।

अन्तर्राष्ट्रिय महिला दिवस २०७८ को मुख्य नारालाई पूर्णरुपमा आत्मसात् गर्दै स्थानीय, प्रदेश र संघीय सरकारहरुले उक्त नारालाई व्यबहारमा कार्यान्वयन गर्दा मात्रै आजको दिवसको सार्थकता हुनेछ । *(लामिछाने बिर्तामोड नगरपालिका न्यायिक समितिकी उजुरी प्रशासक हुन् ।)*

शिवरात्रीकप फुटबलको उपाधि रेड डेभिल्सको पोल्टामा

माईजोगमाई (प्रस) । महाशिवरात्रीको अवसर पारेर इलामको माईजोगमाई ६ प्याङमा गत फागुन १७ बाट संचालित शिवरात्रीकप खुल्ला नकआउट फुटबल प्रतियोगिताको उपाधि रेड डेभिल्सले जितेको छ ।

उसले फाइनल खेलमा सडेनडेथमा वाङ्गीनलाई पराजित गरेको हो । पहिलो हाफमा वाङ्गीनका खेलाडी जर्सी नम्बर ४ का निश्चल राईले १ गोल गरेपछि खेल झन् रोमान्चक भएको थियो । पहिलो हाफसम्ममा रेड डेभिल्सले कुनै पनि गोल गर्न सकेको थिएन । खेलको दोस्रो हाफको १ मिनेटमा रेड डेभिल्सका जर्सी नम्बर ७ का खेलाडी शेखर राईले आफ्नो टिमको तर्फबाट १ गोल गरेपछि खेल बराबरीमा पुगेको

थियो । खेलको निर्धारित समयमा बराबरी भएपछि अतिरिक्त समय थप गर्दा पनि खेल बराबरीमा गएपछि खेल टाईब्रेकरमा मोडिएको थियो टाईब्रेकरमा जम्मा ५/५ जनाले बल प्रहार गर्दा पनि खेलको छिनोफानो हुन सकेन । अन्ततः सडेनडेथमा रेड डेभिल्स नयाँबजारले उपाधि जितेको हो । रेड डेबिल्सका जर्सी नम्बर १२ का खेल्लाडी सुशिल सुब्बाले प्रहार गरेको गोल नै निर्णायक गोलमा परिणत भएको थियो ।

प्रतियोगितामा सर्वाधिक गोलकर्ता रेड डेभिल्सका शेखर राई, उत्कृष्ट खेल्लाडी श्रीजङ्गा समाज प्याडका जोसेफ राई ,उत्कृष्ट डिफेन्डर बीएफसी वाङ्गीनका सौरभ कार्की, उत्कृष्ट गोलरक्षक रेड डेभिल्सका विवेक मगर, उत्कृष्ट टिम कुँवापानी फुटबल क्लव रोङ, उत्कृष्ट टिम मेनेजर रेड डेविल्सका लाक्पा छिरिङ शेर्पा, उत्कृष्ट कोच रेड डेभिल्सका सुनिल लिङ्दम घोषित भए । प्रतियोगिताको बिजेताले नगद रु १ लाख साथमा ट्रफी, मेडल, प्रमाणपत्र र उपबिजेताले नगद ५० हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ ।

प्याङ खेलकुद विकास समितिको आयोजनामा प्याङ माबिको खेलमैदानमा संचालित प्रतियोगितामा माईजोगमाईलगायत विभिन्न २० टिम सामेल भएका थिए ।

ठुटेबरमा वडास्तरीय भलिबल हुँदै

झापा (प्रस) । झापाको बुद्धशान्ति गाउँपालिका वडा नं. ६ ठुटेबरमा वडास्तरीय भलिबल प्रतियोगिता आयोजना गरिएको छ ।

वडा खेलकुद विकास समितिको आयोजनामा ठुटेबरको प्राङ्गणमा यही फागुन २७ गते र २८ गते उक्त प्रतियोगिता हुने जनाइएको छ । वडामा रहेका भलिबल खेलप्रेमीहरुको प्रतिभालाई उजागर गर्न प्रतियोगिता आयोजना गर्न लागिएको समितिका अध्यक्ष खगेन्द्र पौडेलले बताएका छन् । पछिल्लो समय फुटबल तथा क्रिकेटका प्रतियोगिताहरु धेरै हुने गरेको तर राष्ट्रिय खेल भलिबल लोप हुने अवस्थामा पुगेकाले भलिबलको संरक्षण र संवर्द्धनका लागि प्रतियोगिता आयोजना गरिएको उनको भनाई छ । बुद्धशान्ति

गाउँपालिकाभित्र बसोबास भएका खेलाडीहरुले मात्रै प्रतियोगितामा सहभागिता जनाउन पाउने उनले प्रष्ट पारेका छन् । उनका अनुसार एक वडाको खेलाडीले अर्को वडाको टिमबाट खेल्न पाउने छैनन् । प्रतियोगिताको प्रथम पुरस्कार नगद २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र तथा द्वितीय पुरस्कार नगद १५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र रहेको समितिका सदस्य गणेश आचार्यले जानकारी दिए । प्रतियोगिताकै दौरान वडा नं. ६ का ७ जना पूर्व खेलाडीहरुलाई खेलक्षेत्रमा पुच्याएको योगदानको कदर गर्दै सम्मान गरिने छ । सम्मानित हुन लागेका खेलाडीहरुमा घनश्याम भट्टराई, प्रेमप्रसाद ढकाल, लिला आचार्य, टंकबहादुर राई, हर्कबहादुर राई, कुलबहादुर लिम्बू र कुलबहादुर तामाङ रहेको आचार्यले जानकारी दिए । प्रतियोगितामा पालिकाभित्रका ७ वटै वडा र आयोजकको तर्फबाट एक टिम गरी ८ वटा टिमको सहभागिता रहने छ । प्रतियोगिता सञ्चालन गर्न वडाले १ लाख र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद समितिले ५० हजार दिएको सचिव खुरहरि ढकालले जानकारी दिएका छन् ।

प्रतियोगिताको उद्घाटन गाउँपालिकाका अध्यक्ष रमेशकुमार भुजेल र उपाध्यक्ष मिरा भुर्तेलले संयुक्तरुपमा गर्ने कार्यतालिका बनाइएको आयोजक समितिले जनाएको छ ।

तेह्रथुममा ट्याक्टर पल्टिँदा एकको मृत्यु

झापा (प्रस) । तेह्रथुम सदरमुकाम म्याङलुङ नगरपालिका-१ केउरेनी डाँडाखर्कमा ट्याक्टर दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही ठाउँका २२ वर्षीय किशोरकुमार विश्वकर्मा रहेका छन् । म्याङलुङ बजारबाट घर फर्कने क्रममा प्रदेश १-०२-००३ त १२१२ नम्बरको ट्याक्टर सोमबार राति ८ बजे दुर्घटनामा परेको हो । दुर्घटनामा सहचालक महेशकुमार विश्वकर्माको दाहिने खुट्टा भाचिएको छ । उनलाई

उपचारका लागि विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमका प्रहरी निरीक्षक कोमल ठाकुरले जानकारी दिए । ट्याक्टर दुर्घटना स्थलबाट करिब ६० मिटर तल खसेर क्षतिग्रस्त अवस्थामा रहेको समेत प्रहरीले जनाएको छ । ट्याक्टर चालक सुवास विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ ।

जनकल्याण समाजको ३५ औं स्थापना दिवस

सुरुङ्गा (प्रस) । कनकाई नगरपालिका-७ दुर्गापुर स्थित जनकल्याण समाजले आफ्नो ३५ औं स्थापना दिवस रक्तदान कार्यक्रम गरी मनाएको छ । २०४४ सालमा स्थापना भएको सो संस्थाले हरेक बर्ष फागुन २४ गते रक्तदान कार्यक्रम गरी मनाउने गरेको छ । संस्थाका अध्यक्ष मनोजकुमार थापाको अध्यक्षता तथा वडा अध्यक्ष लिलाबहादुर कन्दङवाको प्रमुख आतिथ्यतामा सम्पन्न रक्तदान कार्यक्रममा २४ पुरुष र ९ महिला गरी जम्मा ३३ जनाले रक्तदान गरेका थिए । नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भद्रपुरका पवन थापा, ब्रिजेश सुवेदी, पुजा लिम्बु र आश्मा लिम्बूको प्राविधिक टोलीको सहयोगमा सम्पन्न कार्यक्रममा कनकाई नगरपालिकाका मेयर राजेन्द्रकुमार पोखरेल, पूर्व अध्यक्षहरु अमृत योङहाङ, प्रल्हादप्रसाद घिमिरे, बजार व्यवस्थापन समितिका अध्यक्ष धनपाल कन्दङ्वा, साझा बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष गोपाल उप्रेतीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम संचालन डिल्लीराम चापागाईले गरेका थिए ।

जलवायु परिवर्तनबारे 'कालापत्थर घोषणा'

सोलुखुम्बु (प्रस) । जलवायु परिवर्तनका असरबारे विश्वको ध्यानाकर्षण गराउन सगरमाथा क्षेत्रको कालापत्थरबाट १० बुँदे घोषणापत्र जारी गरिएको छ।विभिन्न क्षेत्रका ४० महिलाको समूहले काठमाडौँबाट अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विशेष कार्यक्रम आयोजना गरेर उक्त घोषणापत्र जारी गरेको हो।

घोषणा पत्रमा जलवायु परिवर्तनको न्यूनीकरण र अनुकूलनमा महिलाको भूमिका, जलवायु परिवर्तन प्रभावित क्षेत्रका महिला र विपन्न समूहको अनुकूलन क्षमता सुधार 'जलवायु न्याय' मुद्दाको वकालत गर्ने, मानव स्वास्थ्य प्रणालीको दिगो व्यवस्थापनका लागि प्रवर्द्धन गर्न अपिल गर्ने उल्लेख छ।

विश्वको तापमान वृद्धिले हिमाल पग्लने क्रम बढेको चिन्ताबारे ध्यानाकर्षण गराउने, हिमाली जनता विशेष गरी महिलालाई जलवायु परिवर्तनका चुनौती सामना गर्न सक्षम बनाउन अन्तर र्ाष्ट्रिय समुदायबाट सहयोग खोज्ने, हिमालय र तल्लो तटीय क्षेत्रमा जलवायु परिवर्तनका चुनौतीमा विश्वव्यापी ध्यान आकर्षित गराउने, हिमाल, पहाड र तराईमा बसोबास गर्ने लाखौं मानिसलाई अपार सेवा प्रदान गर्ने हिमालयन पारिस्थितिकीय प्रणालीको सुरक्षाको समर्थन गर्ने घोषणापत्रमा जनाइएको छ।

उक्त कार्यक्रममा 'साथसाथै'का अध्यक्ष प्रजिता कार्की, सर्वोच्च अदालतकी न्यायाधीश सपना प्रधान मल्ल, वन तथा वातावरण मन्त्रालयकी सहसचिव एवं जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. राधा वाग्लेले बोलेका थिए।

रूस–युक्रेन द्वन्द्वबाट प्रभावित नेपाली सुरक्षित स्थानमा

झापा (प्रस) । रूस-युक्रेन द्वन्द्वबाट प्रभावित ५६२ जना नेपाली सुरक्षित स्थानमा पुगेका छन् ।

गैरआवासीय नेपाली संघ, रूस-युक्रेन द्वन्द्वप्रभावित नेपालीको सहयोग एवं उद्दार उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माका अनुसार युक्रेनबाट नेपालीहरू सुरक्षित स्थानको खोजी गर्दै पोल्याण्ड, स्लोभाकिया, हंगेरी, रोमानिया , माल्दावा लगायतका देशमा पुगेका हुन् । शर्माका अनुसार हालसम्म पोल्याण्डमा ४४३ जना, स्लोभाकियामा ७८ जना, रोमानियामा २४ जना, हंगेरीमा १३ जना र ४ जना माल्दावा पुगेका हुन् । युक्रेन युद्धबाट विस्थापित भई बिभिन्न देशका सीमाबाट निस्किएका नेपाली सुरक्षित बसोबास

र भविष्यका लागि तेस्रो मुलुकतिर लागेका हुन् । तीमध्ये करिब ४ दर्जन नेपाली गैरआवासीय नेपाली संघ पोर्चुगलको सम्पर्कमा पुगेको संघका महासचिव राजकुमार थापाले जनकारी दिए । थापाका अनुसार ती नेपालीलाई एनआरएन पोर्चुगलले आवश्यक कानुनी तथा व्यवहारिक विषयमा सुझाव र सहयोग प्रदान गर्दै आएको छ ।

यसैबीच युक्रेनको खारकिभ शहरमा अलपत्र परेका कमल पोखरेलसहित ६ जनाको समूह सुरक्षित रुपमा पोल्याण्डको सीमाक्षेत्रमा पुगेको उच्चस्तरीय समितिका सदस्य सचिव डा. चिरन्जीवि खड्काले जानकारी दिए । यसअघि उद्धार र राहत कार्यमा समन्वय गर्न जर्मनीस्थित नेपाली राजदूत रामकाजी खड्काको अध्यक्षतामा र गैरआवासीय नेपाली संघका उपाध्यक्ष डा. बद्री केसीको संयोजत्वमा गठित एक उच्चस्तरीय समिति सकृय छ । युद्धबाट विस्थापित नेपालीको उद्धारको लागि राजदूत खड्का, एनआरएनए अध्यक्ष कुमार पन्त सीमाक्षेत्रमा आफैं खटिएका थिए । युक्रेनबाट विस्थापितलाई नेपाली समुदायकै सहयोगमा बिभिन्न स्थानमा खाना, बस्न र सामान्य उपचारको बन्दोबस्तसमेत गरिएको बर्लिनस्थित नेपाली दूतावासले जनाएको छ । दूतावासले युक्रेनबाट निस्केका नेपाली नागरिकलाई भारत सरकारबाट सञ्चालित उडानमार्फत नेपाल पठाउन आवश्यक पहलसमेत भइरहेको जनाएको छ । उद्धार समितिले युक्रेनबाट विस्थापित नेपालीहरुको नियमित रूपमा तथ्यांक संकलन गर्दै आएको छ ।

नारी दिवसमा सम्मान कार्यक्रम

भद्रपुर (प्रस) । ११२ औं अन्तर र्ाष्ट्रिय श्रमिक नारी दिवसको अवसर पारेर भद्रपुर १० स्थित चन्द्रगढी सेवा समाजले सम्मानसहित विविध कार्यक्रम सम्पन्न गरेको छ ।

समाजका अध्यक्ष कमलप्रसाद अधिकारीको अध्यक्षता तथा भद्रपुर नगर उपप्रमुख चन्द्रमाया श्रेष्ठको प्रमुख आतिथ्यमा बृद्ध आमा तथा असल बुहारीलाई सम्मान गरिएको हो ।

कार्यक्रममा बृद्ध आमाका रूपमा भद्रपुर १० की ७७ वर्षीया पुण्यकुमारी मैनाली र असल बुहारीका रूपमा भद्रपुर ७ की

कल्पना ढकाल चापागाईलाई सम्मान गरिएको हो ।

सचिव देवीमाया अधिकारीको सञ्चालन र उपाध्यक्ष नयाँनाथ पाण्डेले स्वागत गरेको कार्यक्रममा भद्रपुर १० का वडाध्यक्ष टेकबहादुर खड्का काजी र नेकपा माओवादी केन्द्रका भद्रपुर नगर अध्यक्ष शिवकुमार राजभण्डारीले शुभकामना मन्तव्य राख्दै नारीको सम्मानमा सबै जुटनु पर्ने धारणा राखेका थिए ।

सोही अवसर पारेर समाजका संरक्षक सदस्य होमनाथ घिमिरेले संस्थाको दिगो आर्थिक व्यवस्थापनमा सहयोग पुर्याउने उद्धेश्यले एक लाख ११ हजार एक सय ११ रूपैया अक्षयकोषका लागि आर्थिक सहयोग गरेका थिए भने शिवकुमार राजभण्डारीले पाँच हजार ५ सय ५५ र गणेश पौडेलले पाँच हजार एक सय सहयोग गरेका छन् ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामीलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४७५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९२६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६००१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५५५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिम आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

राशिफल

ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९९१७७८७/९८१७०८१९९०

मेष आज शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।
आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्वपूर्ण अवसर गुम्न सक्छ । **वृष**
मिथुन आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

कर्कट सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । नयाँ कार्यको योजना बन्नेछ ।
आज मनोरञ्जनमा सहभागी भइएला । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । **सिंह**
कन्या आज पढाइमा बाधा आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

तुला आज प्रेमीको सहयोग प्राप्त हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला ।
आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । **वृश्चिक**
धनु आज शुभकार्यको चर्चा चल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

मकर आज मन खिन्न हुने स्थिति आउनेछ । अनावश्यक झमेलामा परिएला ।
लगनशीलतासे कामहरू अगाडि बढ्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । **कुम्भ**
मिन धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।